# तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय
## महिला बालबालिका तथा सामाजिक विकास शाखा तुलसीपुर

तुलसीपुर उपमहानगरपालिका तथा वडा कार्यालयहरुको लैंगिक बजेट परीक्षण सम्बन्धी प्रस्ताव आह्वान गरीएको ।

## सूचना

सूचना प्रकाशित भएको मिति : २०७७।१२।२५ गते बुधवार

यस उपमहानगरपालिकाको आ.व.२०७७।०७८ को विनियोजित वार्षिक बजेट तथा कार्यक्रम बमोजिम यस उपमहानगरपालिका र वडा कार्यालयहरुको लैंगिक उत्तरदायी वजेट परीक्षण कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. २,००,०००। ( अक्षरुपी दुई लाख मात्र ) भित्र रहेर यस उपमहानगरपालिका अन्तर्गतका कम्तिमा ३ वटा वडा र ३ वटा शाखाको लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि सम्बन्धित क्षेत्रमा काम गर्दै आएका गैर सरकारी संघसंस्थाहरुको साझेदारीमा सञ्चालन गर्नका लागि सेवाप्रदायक संस्था छनौट गर्नु पर्ने भएकाले सूचना प्रकाशन भएको मितिले सातौं दिनको ५.०० वजे र सो दिन विदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिन ५.०० वजे भित्र र शुक्रवार परेमा कार्यालय समयको ३.०० वजे भित्र देहायको कागजात सहित योग्यता पुगेका ईच्छुक संस्थाहरुलाई दरखास्त दर्ता गराउनका लागि यो सूचना प्रकाशन गरीएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :**

१. प्रस्ताव छनौट तथा प्रस्तावना सम्बन्धी कार्यको लागि यस कार्यालयबाट स्वीकृत कार्यविधि, मापदण्डलाई आधार लिईनेछ । सो सम्बन्धमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

२. प्रस्ताव पेश गर्ने संस्था तुलसीपुर उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखा वा आन्तरिक व्यवस्थापन तथा खरिद इकाइ शाखामा सूचिकृत भएको हुनुपर्नेछ ।

३. प्रस्तावना स्वीकृती पश्चात संस्थाहरुले सम्झौतामा उल्लेख भए बमोजिम कार्य गर्नु पर्नेछ ।

४. दर्ता भएका प्रस्तावनाहरु मूल्याकन समितिबाट मूल्यांकन गरी उच्च अंक प्राप्त गर्ने सफल संस्थालाई यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी सूचित गरीनेछ ।

५. प्रस्तावना दर्ता गराउँदा रु १०। को हुलाक टिकट टाँस गरी खाम सिलबन्दी गरी दरखास्त दर्ता गराउनु पर्नेछ ।

६. म्याद नाघि आएका वा रित नपुगेका प्रस्तावनाहरु दर्ता गरीने छैन ।.

७. प्रस्तावना दर्ता गराउने संस्था नियमानुसार सम्बन्धित निकायमा दर्ता भई नविकरण भएको हुनु पर्नेछ ।

८. यस क्षेत्रमा कार्य अनुभव भएका गैर सरकारी संस्थालाई विशेष प्राथमिकता दिईनेछ ।

**संलग्न राख्नु पर्ने आवश्यक कागजातहरु :**

१. संस्था दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।

२. संस्थाको विधान र संस्थाको संक्षिप्त विवरण ।

३. गत वर्षको वार्षिक प्रगति प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन ।

४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

५. स्थायी लेखा नंम्वर प्रमाण पत्रको प्रतिलिपि ।

६. संस्थाको कार्य समिति सदस्यहरुको व्यक्तिगत विवरण ।

७ संस्थाको भौतिक, वित्तीय कारोवार परिचालन तथा जनशक्तिको अवस्था सम्बन्धि विवरण ।

८. सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएमा सोको प्रमाण खुल्ने कागजात ।

९. प्रस्तावना पेश गर्न संस्थाको कार्य समितिले गरेको निर्णयको प्रतिलिपि ।

१०. लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव र कार्यान्वयन योजना ।

११. संस्थाको गत आ.व.को सामाजिक परिक्षण गरेको कागजको प्रतिलिपि ।

थप जानकारीका लागि तुलसीपुर उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखाका प्रमुख माया श्रेष्ठको सम्पर्क नम्वर ९८४७८२०२०२ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत